मिति : २०८१/०८/३० गते (आईतबार) स्थान : पो.म.न.पा. सभाकक्ष
बैठक संख्या : ३८ समय : बिहान : ८ : ०० बजे,

खरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर र्यपालिकाको बैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिल मोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री शिवराज चौलागाई | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्साेनी | |

| | | | | |
|---|---|---|---|---|
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | [illegible] |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | [illegible] |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | [illegible] |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | [illegible] |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | [illegible] |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | [illegible] |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | [illegible] |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | [illegible] |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | [illegible] |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |

| | | | | |
|---|---|---|---|---|
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कांर्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |

# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल

(प्रशासन महाशाखा)

फोन नं. ५२१११४

फ्याक्स नं. ५२०६००

ईमेलः info@pokharamun.gov.np

वेभसाइटः pokharamun.gov.np

पत्र संख्याः ०८१/८२

चलानी नं. ३१२८

मितिः२०८१/०८/२८

ने.स.११४५ थिंलाथ्व १३ शुक्रबार

श्री वडा अध्यक्षज्यू वडा नं. १ देखि ३३ सबै
श्री कार्यपालिका सदस्यज्यूहरु सबै
पोखरा महानगरपालिका।

**विषयः उपस्थिति सम्बन्धमा।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ३८ औं बैठक तपसिलको मिति, समय र स्थानमा बस्ने भएकाले यहाँको उपस्थितिका लागि निर्देशानुसार सादर अनुरोध छ। साथै कार्यपालिका बैठकका कार्यसुची (एजेन्डा) निम्न बमोजिम रहेका छन्

**तपशिलः-**

मितिः २०८१/०८/३० गते आइतबार,
समयः विहान ८:०० बजे,
स्थानः पोखरा महानगरपालिकाको सभाहल।

**कार्यसूची (एजेन्डा)**

१. तालचोक बेगनास सडक निर्माणका क्रममा रहेको सडकको समस्याका सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ५० लाख सम्मका योजनाहरुको अख्तियारी वडामा पठाउने गरी रकमान्तर गर्ने सम्बन्धमा।
३. आशिश निर्माण सेवा प्रा.लि.ले अस्थायी क्रसर र आस्फाल्ट प्लान्ट स्थापनाका लागि IEE स्वीकृति तथा अनुमति माग सम्बन्धमा।
४. वडा नं. २६ को वडा कार्यालयको भवन निर्माण गर्न जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा।
५. वडा नं.- २२ को स्वास्थ्य चौकी भवन निर्माणका लागि भारतीय राजदुतावासमा आयोजना प्रस्ताव पेश गर्नका लागि डि.पि.आर. तयार गर्ने सम्बन्धमा।
६. मुग्लिङ-पोखरा सडक आयोजनाका लागि गढीघाटबाट नदीजन्य निर्माण सामाग्री उत्खनन् गर्न नियमानुसार राजश्व लिई अनुमति दिने सम्बन्धमा।
७. विविध।

.............................
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

**सादर अवगतार्थः-**

श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका।

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

**३८ औं कार्यपालिका बैठक (मिति २०८१/०८/३०) का निर्णयहरु:**

**निर्णय नं १**

३७ औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**निर्णय नं २**

विश्व बैँकको आर्थिक सहयोगमा सञ्चालित शहरी शासकीय पूर्वाधार आयोजना अन्तर्गत तालचोक बेगनास सडक खण्डको सडक मापदण्ड भित्र पर्ने पो.म.न.पा वडा नं ३० निवासी श्री बुद्धिप्रसाद बास्तोलाको हकभोग रहेको घरको क्षतिपूर्ति रकम सम्बन्धमा उचित क्षतिपुर्ति दिनका लागि विस्तृत परियोजना प्रतिवेदनमा समेत क्षतिपूर्तिको व्यवस्था गरेको र उक्त विस्तृत परियोजना प्रतिवेदन तयारीका क्रममा वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कन/वातावरणीय र सामाजिक व्यवस्थापन योजना समेत तयार गरी क्षतिपूर्ति सम्बन्धमा उल्लेख गरिएबमोजिम यस आयोजनाको परामर्शदाता(DSC, PEA-BN-soil test JV Pvt. Ltd., Kathmandu) बाट निर्जी घरटहराको मूल्य, संरचना भत्काउदा लाग्ने खर्च, संरचना भत्काउदा व्यापारमा हुने नोक्सानी तथा पुनर्स्थापना आदि समेतको मूल्याङ्कन गरी प्रतिवेदनबाट एकिन गरिएको क्षतिपूर्ति रकम रु १५,०६,३४५।-(अक्षरुपी पन्ध्र लाख छ हजार तीन सय पैचालिस मात्र) बार्षिक विकास कार्यक्रमको अर्थ विविध भैपरी चालु शिर्षकबाट खर्च व्यहोर्ने गरी निज बुद्धिप्रसाद बास्तोला वा कानूनबमोजिम निजको नजिकको हकदारलाई दिने गर्ने निर्णत्र गरियो ।

**निर्णय नं ३**

चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम २० लाखसम्मका आयोजनाहरु वडा कार्यालयहरुबाट कार्यान्वयन र भुक्तानी हुने गरी बजेट विनियोजन भएकोमा महानगरस्तरीय योजनाहरुमा तय भएका योजनाहरुमध्ये रु ५० लाखसम्मका योजनाहरु समेत वडा कार्यालयबाटै सम्झौता, कार्यान्वयन र भुक्तानी हुने गरी अख्तियारी प्रदान गर्ने निर्णय गरियो । साथै त्यस्ता आयोजनाहरुमा विनियोजित रकम रकमान्तरका लागि आगामी नगर सभामा सिफारिस गरी पठाउने समेत निर्णय गरियो ।

**निर्णय नं ४**

आशीष निर्माण सेवा प्रा.लि. भरतपुर १०, चितवनले पोखरा महानगरपालिका वडा नं ३३ स्थित कि.न. ८३७३, कि.न. ८०५७, कि.न. ८३७२, कि.न. ८३७४, कि.न. ८०५६ र कि.न. ५११४ विभिन्न व्यक्तिहरुको नाउमा रहेको जम्मा कूल क्षेत्रफल ६-११-०-१ रोपनीको जग्गाबाट विश्व बैँकको आर्थिक सहयोगमा सञ्चालित दोबिल्ला-बागमारा- पूँडीटार सडक निर्माण आयोजनामा प्रयोग गर्ने गरी जम्मा २४०८७.५ घन मि. निर्माण सामाग्री उत्खनन् गरी निकासी गर्ने सम्बन्धमा प्राविधिक समितिको सिफारिस सहित पेश हुन आएको प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै आशीष निर्माण सेवा प्रा.लि.ले स्वीकृत भएको IEE ले तोकेको परिमाण(२४०८७.५ घन मि.) उत्खनन् गर्न महानगरमा कानून बमोजिम राजश्व दाखिला गर्ने, उत्खनन् गरिएको पदार्थ तोकिएको कार्य/परियोजनामा मात्र प्रयोग गर्ने, राजश्व तिरेको र तोकिएको मात्रा (Quantity) मात्र उत्खनन् गर्ने, अन्य प्रचलित कानून परिपालन गर्ने र यस कार्यको सम्बद्ध महाशाखाहरुबाट निरन्तर अनुगमन गर्ने गरी उत्खनन् गर्न दिने निर्णय गरियो ।

प्रमाणीकरण गरियो ।

२०८१/०८/३०

**निर्णय नं ५**

साविक कन्धनीडाँडा हाल पोखरा महानगरपालिका वडा नं.२६ स्थित कि.न. ७२६ को १० रोपनी जग्गामा वडा नं २६ को बहुउद्धेश्यीय वडा कार्यालय भवन निर्माण गर्नका लागि वडा कार्यालयको सिफारिस सहित महानगरमा अनुरोध भई आएको हुँदा उक्त जग्गामा प्रस्तावित बहुउद्धेश्यीय वडा कार्यालय भवन निर्माण गर्नका लागि चालु आ.व.मा रु ५०,००,०००।- (अक्षरुपी पचास लाख मात्र) विनियोजन भएको र लागत अनुमान अनुसारको भवन निर्माण योजनालाई बहुबर्षिय योजनामा समावेश गर्ने निर्णय गरियो । साथै उक्त भवन निर्माण गर्नका लागि खरिद प्रक्रिया (बोलपत्र आव्हान प्रक्रिया) अगाडि बढाउने र जग्गाको स्वामित्व (दीर्घकालिन लिजाधिकार) का लागि जिल्ला प्रशासन कार्यालय, कास्की मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ६**

पोखरा महानगरपालिका वडा नं. २२ अन्तर्गतको स्वास्थ्य चौकी भवन निर्माणका लागि डि.पि.आर. तयार पार्न भवन शाखालाई जिम्मेवारी दिने र प्राप्त डि.पि.आर बमोजिम भवन निर्माण गर्न भारतीय राजदुतावासमा आयोजना प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

पुग्लिङ-पोखरा सडक आयोजनाले आयोजनामा प्रयोग गर्ने प्रयोजनका लागि पोखरा महानगरपालिका वडा नं ३२ स्थित गढीघाटवाट नदीजन्य निर्माण सामाग्री उत्खनन् र निकासीका लागि आयोजनाले महानगरमा गरेको अनुरोधका सम्वन्धमा यस कार्यालयबाट स्वीकृत भएको प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) प्रतिवेदनले तोके बमोजिमको परिमाणको लागि महानगरबाट निर्धारण भएको नियमानुसारको राजश्व दाखिला गर्न लगाई समयावधि तोकि नियमानुसार उत्खनन् तथा निकासी गर्न दिने निर्णय गरियो । साथै उक्त आयोजनाले सम्बद्ध प्रचलित कानूनको परिपालना गर्ने, भारी उपकरण तथा मेशीन प्रयोग गर्न नपाउने, उत्खनन् गर्ने निर्धारित निकासीयोग्य परिमाण र स्थलगत परिमाणको समेत तुलना गर्ने र निरन्तर अनुगमन गर्ने संयन्त्र तयार गर्ने व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

**निर्णय नं ८**

पोखरा महानगरपालिका महिला स्वास्थ्य स्वयंसेवीका प्रोत्साहन सम्वन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

पोखरा महानगरपालिका वडा नं २१ र ३३ मा साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत सञ्चालन भइरहेको शहरी खानेपानी तथा सरसफाई आयोजना स्तरोन्नतिको लागि निर्माण व्यवसायी छनौट भई निर्माण कार्य भइरहेको अवस्थामा आयोजनाको निर्माण कार्यको लागि खानेपानी तथा सरसफाई संस्थाबाट कूल निर्माण कार्यको २५%ले हुन आउने रकम रु ३६,७६,६७१।- (अक्षरुपी छत्तीस लाख छयत्तर हजार छ सय एकहत्तर मात्र) बार्षिक ५% व्याजदरमा ऋण लिने प्रयोजनका लागि ऋणको धन जमानी बसिदिन अनुरोध भइ आएकोले महानगरपालिका उक्त संस्थाले लिने ऋणको धन जमानीमा बस्ने निर्णय गरियो । साथै धन जमानी सम्झौतामा हस्ताक्षर गर्नका लागि नगरप्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

प्रमाणीकरण गरियो ।

२०८१।०८।३०

**निर्णय नं १०**

पोखरा महानगरपालिका वडा नं १८ स्थित पार्किङदेखि सराङकोट मन्दिर जाने मोटरबाटो निर्माण तथा स्तरोन्नति गर्नका लागि रु ८७,७५,०००।- (सतासी लाख पचहत्तर हजार मात्र) को लागत अनुमान र सराङकोट धार्मिक एवं पर्यटन क्षेत्र विकास समिति अन्तर्गत मठमन्दिर र भौतिक संरचना निर्माण भइरहेको र उक्त क्षेत्रमा निर्माण हुने भौतिक संरचनाको लागि रु ८८,०३,०००।– (अक्षरुपी अठासि लाख तीन हजार मात्र) को लागत अनुमान सहित वडा नं १८ बाट बजेट व्यवस्थाको लागि अनुरोध भइ आएकोले उक्त दुवै लागत अनुमान रकम स्वीकृत गरी आवश्यक रकम रकामान्तर गर्न आगामी नगर सभा समक्ष सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं ११**

आ.व २०८१/८२ को बार्षिक विकास कार्यक्रममा उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने आयोजनाहरुमा १५ प्रतिशत जनसहभागिता हुनुपर्ने व्यवस्था भएकोमा सो व्यवस्थालाई कायमै राख्ने र सम्झौता भइनसकेका शवदाहगृह, क्रियापुत्री भवन, सार्वजनिक चौतारी निर्माण, मर्मत तथा संरक्षण, विद्यालय भवन र कम्पाउण्ड, ज्येष्ठ नागरिक भवन, विपद् व्यवस्थापन, मठ मन्दिर, सार्वजनिक शौचालय, पोखरी निर्माण कार्यका लागि तय भएका आयोजनाहरुको हकमा ५ प्रतिशत (५%) जनसहभागिता कायम गर्ने स्वीकृतिका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

प्रमाणीकरण गरियो।

[signature]

२०८१/८/३०

# महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१

पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

नगर कार्यपालिकाबाट स्वीकृत मिति :- २०८१/०८/३०

प्रमाणिकरण गर्ने पदाधिकारीको दस्तखत :

प्रमाणिकरण गर्नेको नाम थर :

पद प्रमुख प्रशासकीय अधिकृत(सह सचिव)

प्रमाणिकरण मिति :

# महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका प्रोत्साहन सम्बन्धी कार्यवीधि, २०८१

**प्रस्तावना:**

संविधानमा स्वास्थ्य सम्बन्धी अधिकारलाई सवै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी गरिएको राष्ट्रिय स्वास्थ्य निति, २०७६ को बुँदा नं ६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा ब्यबस्थापन स्थानीय तहवाट गर्ने व्यवस्था गरेको छ। साथै महानगरिय स्वास्थ्य नीति २०७४ को ८.१.६ मा स्वयं सेवकहरू परिचालन गरि स्वास्थ्य सेवालाई थप प्रभाबकारी बनाईने उल्लेख गरिएको छ। महानगरपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा कमी आउनुमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भुमिकालाई उच्च मुल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्दी एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्न थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाले यो कार्यवीधि बनाई जारी गरेको छ।

## परिच्छेद - १

## प्रराम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१.१) यस कार्यविधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्बंयसेबिका प्रोत्साहन सम्बन्धी कार्यवीधि, २०८१" रहने छ ।

(१.२) यो कार्यवीधि पोखरा महानगरपालिका नगर कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

(१.३) परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यवीधिमा :

(क) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले नेपालको संबिधानको धारा २१६ बमोजिम गठित पोखरा महानगर पालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले पोखरा महानगरपालिका प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "उप प्रमुख" भन्नाले पोखरा महानगरपालिका उप प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "स्वास्थ्य महाशाखा" भन्नाले पोखरा महानगरपालिकामा रहेको स्वास्थ्य महाशाखालाई सम्झनु पर्छ ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले पोखरा महानगरपालिका भित्र संचालनमा रहेका शिशुवा अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरू, स्वास्थ्य चौकीहरू, आर्युवेद औषधालयहरू, शहरी स्वास्थ्य प्रर्वदन केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरू (आधारभुत स्वास्थ्य केन्द्रलाई) सम्झनु पर्छ ।

(ज) "कार्यवीधि" भन्नाले "महिला सामुदायिक स्वास्थ्य स्बंयसेबिका प्रोत्साहन सम्बन्धी कार्यवीधि, २०८१" सम्झनु पर्छ ।

(झ) "महिला सामुदयिक स्वास्थ्य स्वयं सेविका" भन्नाले पोखरा महानगरपालिका भित्र रहेका नियमानुशार छनौट भएका महिला सामुदयिक स्वास्थ्य स्वयं सेविका सम्झनु पर्छ ।

(ञ) "स्वयं सेविका छनौट समिति" भन्नाले नियमानुसार गठन भएको महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका छनौट समिति/आमा समुहलाई सम्झनु पर्छ ।

(ट) "सेवा सुविधा" भन्नाले संघ, प्रदेश र पोखरा महानगरपालिकाबाट नियमानुसार स्वीकृत भई महिला स्वास्थ्य स्वयं सेविकालाई प्रदान गर्ने सेवा सुविधा सम्झनु पर्छ ।

**३. उद्देश्य**

(क) महिला सामुदयिक स्वास्थ्य स्वयं सेविकालाई स्वास्थ्य सेवामा उत्प्रेरणा जगाउन ।

(ख) महानगरपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई परिचालन गरी निर्धारीत समयमै लक्ष्य हासिल गर्न ।

(ग) स्वास्थ्य क्षेत्रमा समुदाय स्तरमै स्वास्थ्यका सुचकहरूको अवस्थामा सुधार ल्याउदै जनचेतना अभिबृद्धि गर्न ।

(घ) संघिय, प्रदेशिक तथा महानगरपालिकाले निर्धारण गरेको स्वास्थ्य प्रर्वद्धन सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न ।

## परिच्छेद - २

## स्वास्थ्य आमा समुह गठन, स्वयंसेविका छनौट, कार्य बिवरण, स्वयंसेविका बिदाई तथा सेवा मुक्त हुने अवस्था सम्बन्धी ब्यबस्था

४. स्वास्थ्य आमा समुह गठन तथा कार्य विवरणः स्वास्थ्य आमा समुहको गठन देहाय अनुशार हुनुपर्ने छ ।

(क) स्वास्थ्य आमा समुह गठनका लागी एउटै टोलमा स्थायी बसोवास गर्ने कम्तीमा २५ जना (विवाहित महिला, गर्भवती, बच्चाका आमा र सासुहरु) सहभागी भएको समुह हुनु पर्नेछ ।

(ख) पहिले देखिनै गठन भई संचालनमा रहेका आमा समुहहरुलाई नियम ४ (क) अनुरुप हुने गरी पुर्नगठन गर्न सकिने छ ।

(ग) सहभागीहरु मध्येबाट सर्वसम्मत रुपमा छनौट गरिएको १ जना अध्यक्ष, अन्य सहभागीहरू सदस्य रहनेछन् । आमा समुहको सदस्य सचिबको काम महिला सामुदयिक स्वास्थ्य स्वयं सेविकाले गर्नेछन् ।

५. महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाको छनौट:

**महिला** सामुदयिक स्वास्थ्य स्वयंसेविकाको छनौट संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या **मन्त्रालयको** महिला स्वास्थ्य स्वय सेविका संचालन रणनीति २०६७ (संसोधन सहित) बमोजिम हुनेछ ।

६. महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाको काम कर्तव्य र जिम्मेवारी:

(क) तोकिएको कार्यक्षेत्र भित्रका सम्पुर्ण घरधुरी, उमेर समुह अनुशारको जनसंख्या, प्रजनन् उमेरका **महिलाहरुको** संख्या लगायत सम्पुर्ण जनसंख्याको लागत विवरण राख्नुपर्नेछ ।

(ख) सम्बन्धित स्वास्थ्य संस्था, वडा र महानगरपालिकाको मातहतमा रहि सेवा दिनुपर्नेछ ।

(ग) नेपाल सरकारले तोकेको सम्पुर्ण स्वास्थ्य सम्बन्धी क्रियाकलपमा सहभागी भई सेवा गर्नुपर्नेछ।

(घ) गाँउघर क्लिनिक, खोप क्लिनिक तथा राष्ट्रिय अभियानहरुमा सहभागी भई सहयोग गर्नुपर्नेछ।

(ङ) हरेक **महिनाको** अन्त्यमा आफुले गरेका क्रियाकलापहरुको मासिक प्रगति प्रतिवेदन सम्बन्धित **स्वास्थ्य संस्थामा** पेश गर्नुपर्नेछ ।

(च) नेपाल सरकारले स्थानीय स्तरमा प्रदान गर्ने स्वास्थ्य सेवाहरू जस्तैः गर्भवतीलाई आईरन चक्की वितरण, अस्थायी परिवार नियोजनका साधनहरु वितरण, समान्य झाडापखाला, रुघाखोकी, ज्वरो जस्ता रोगहरुको समान्य उपचार तथा घरेलु उपचार, परामर्श तथा प्रेषण सेवाहरुलाई (नेपाल सरकार, प्रादेशिक सरकार तथा पोखरा महानगरले थप गरेमा थप कार्य समेत) निरन्तर रुपमा प्रवाह गर्नुपर्नेछ ।

(छ) महिला सामुदयिक स्वास्थ्य स्वयं सेविकालाई पायक पर्ने गाँउ टोल र आवश्यक स्थानमा खटाउन सकिनेछ ।

(ज) स्वास्थ्य महाशाखा वा सम्बन्धित स्वास्थ्य सस्थाले घरधुरी, जनसंख्या, गाँउ र टोल एकिन गरी महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाको संख्या र कार्यक्षेत्र तोक्न, थपघट गर्न सक्नेछ ।

(झ) महिला सामुदयिक स्वास्थ्य स्वयं सेविकाले पालना गर्ने आचारसंहिता अनुसुचि-१ बमोजिम हुनेछ ।

७. स्वयंसेविकाको बिदाई सम्बन्धी व्यवस्था:

(क) महिला सामुदयिक स्वास्थ्य स्वंयसेविकाको कार्य अवधि उमेर हद ६० वर्ष हुनेछ । यदि कसैले ६० वर्षको उमेर पछि पनि स्वयंसेवा गर्न चाहेमा केन्द्र, प्रदेश र स्थानीय सरकारवाट प्राप्त हुने सेवा सुविधाहरु प्रदान गरिने छैन ।

(ख) दफा ५ अनुसार छनौट भई कार्यरत रहेका महिला स्वास्थ्य स्वंयसेविकाको देहयको अवस्थामा सेवा वाट विदाई हुनेछन् ।

- महिला स्वास्थ्य स्वयंसेविकाले आमा समुह समक्ष सेवा छोड्ने ईच्छा जाहेर गरी राजिनामा दिएमा, (कुनै महिला स्वास्थ्य स्वयंसेविकाले कुनै पनि कारणले सेवा गर्न नसक्ने भएमा आवश्यक कारण खुलाई सम्बन्धित आमा समुहमा राजिनामा पेश गर्नुपर्नेछ र स्वास्थ्य संस्थाको स्वास्थ्यकर्मी र स्थानिय जनप्रतिनिधीको सहजिकरणमा स्वास्थ्य आमा समुहले राजिनामा स्वीकृत गरेपछि सेवा मुक्त भएको मानिनेछ ।)
- ६० बर्ष उमेर पुरा भएमा
- प्रत्येक ५ वर्षमा आमा समुहवाट पूनः छनौट नभएमा
- राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन भएमा

- महिला स्वास्थ्य स्वयं सेविका नियुक्ती हुदांको बखतमा भएको स्थायी ठेगाना परिवर्तन गरी बसांई सराई गरेमा वा तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही नियमित वसोवास नगरेको अवस्था (बढीमा ६ महिना सम्म) रहेमा ।

८. पद रिक्त हुने अवस्था

महिला सामुदयिक स्वास्थ्य स्वयंसेविकाको पद रिक्त संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको महिला स्वास्थ्य स्वयं सेविका संचालन रणनीति २०६७ (संसोधन सहित) ले तोके बमोजिम हुनेछ ।

**परिच्छेद -३**

## सेवा सुविधा सम्बन्धी ब्यबस्था

९. सेवा तथा सुविधा:

(क) महिला स्वास्थ्य स्वयंसेविकाले कुनै पनि किसिमको मासिक पारिश्रमिक तलब तथा अन्य कुनै प्रकारको सुविधा दावी गर्न पाउने छैनन् ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि केन्द्र सरकारले प्रदान गरेको सेवा सुविधासँगसगै पोखरा महानगरले यसै कार्यवीधि बमोजिम वा अन्य निर्णयबाट उपलब्ध गराउने थप सेवा सुविधाहरू उपलब्ध गराउन बाधा पर्ने छैन । यसरी उपलब्ध गराईने सुविधा वापतका रकमहरू बैंक मार्फत उपलब्ध गराईने छ ।

(ग) उमेर पुगी (६० वर्ष) वा संघिय रणनीतिको व्यवस्था अनुसार न्युनतम सेवा अवधि पुरा गरि स्वच्छिक बिदाई हुदा स्वयंसेतिकालाई प्रोत्साहन स्वरुप यसै कार्यवीधिमा तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराईनेछ ।

(घ) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन महानगरपालिकाको स्वीकृती लिई कुनै संघ संस्थाले स्वयंसेविकालाई प्रोत्साहित गर्ने तथा स्वास्थ्य सम्बन्धी काममा लगाउन सक्नेछ ।

(ङ) उपदफा (ख), (ग), (घ) मा लेखिएको कुराहरुका सम्बन्धमा अनुसुची -२ अनुसार सेवा सुविधा उपलब्ध गरिनेछ ।

(च) महानगरको आन्तरिक श्रोत अनुकुल स्वयंमसेविकाको सेवा सुविधामा थपघट गर्न सक्नेछ । (जस्तैः सम्मानजनक विदाई, यातायात खर्च, खाजा खर्च, स्वास्थ्य विमा, पुरस्कार रकम आदि)

(छ) उपदफा (ख), (ग), (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि महिला स्वास्थ्य स्वयं सेविका संचालन रणनीति २०६७ (संसोधन सहित) दफा ८ बमोजिम सेवा मुक्त भएको अवस्थामा कुनै प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन ।

(ज) यस कार्यविधि वमोजिम २०८० श्रावण महिनादेखि अवकास भएका स्वास्थ्य स्वयंसेविकाहरुलाई मात्र अनुसुची-२ को क्र.स. १ बमोजिमको सुविधा उपलब्ध गराइनेछ ।

## परिच्छेद -४

## विविध

१०. थपघट, हेरफेर तथा अन्य छुट सम्बन्धि व्यवस्था

यस कार्यविधिमा उल्लेख नभएका वा थपघट गर्नु पर्ने बिषयहरूमा महानगरको आवश्यकता अनुसार नगर कार्यपालिकाले यस कार्यवीधिमा थपघट वा हेरफेर गर्न सक्ने छ ।

११. बाधा अड्काउ फुकाउः

यो कार्यवीधि कार्यान्वयनका क्रममा कुनै बाधाअड्चन आई परेमा नगर कार्यपालिका (प्रमुख प्रशासकिय अधिकृत) स्तरको निर्णय बमोजिम बाधा अड्काउ फुकाउन सक्नेछ।

१२. संशोधन, बचाउ तथा खारेजी:

(क) यस कार्यविधिमा ब्यबस्था भएका कुराहरु यसै कार्यवीधि बमोजिम हुनेछ। यस कार्यवीधिमा उल्लेख नभएका वा प्रचलित कानूनमा बाझिएको व्यवस्थाहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(ख) यस कार्यवीधि लागु हुनुभन्दा पहिले भए गरेका कामहरु, निर्णयहरू तथा दफा ९(ज)को हकमा यसै कार्यवीधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसुची १

### महिला स्वास्थ्य स्वयं सेविकाहरूले पालना गर्नु पर्ने आचार संहिता

(क) स्वयं सेवी भावनाले समुदायको स्वास्थ्य अधिकार र पहुंचलाई मुलमन्त्र मानी नैतिकता, ईमान्दारिता र उच्च मनोवलकासाथ कार्य गर्नु पर्ने छ ।

(ख) आफ्नो ज्ञान र सिपको उपयुक्त रूपमा प्रयोग गरि बिभिन्न स्वास्थ्य कार्यक्रमहरूमा संलग्न भई समुदायिक स्वास्थ्यको प्रबर्द्धन गर्नुपर्ने छ ।

(ग) आफ्नो स्वास्थ्य आमा समूह प्रति ईमान्दारी, जवाफदेही, तथा प्रतिवद्ध भई पूर्ण रूपमामा कार्य गर्नपर्नेछ।

(घ) स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाईको प्रवर्द्धन गर्नेछु।

(ङ) सिकेका ज्ञान र सिपको समुचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिक वाट स्वास्थ्य सेवालिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्न लगाउनु पर्ने छ ।

(च) समुदायसँगको ब्यबहारमा सधै बिनम्र रुपमा सहयोगी हुनेछु।

(छ) सेवाग्राहीको गोपनियता कायम गर्नु पर्ने छ।

(ज) आर्जित ज्ञान र सिपलाइ सहि सदुपयोग गरी आमा र शिशुको स्वास्थ्य उत्थानमा आफ्नो हृदयदेखि नै लाग्नु पर्ने छ।

(झ) स्वास्थ्य आमा समुहलाई सशक्तिकरण गर्ने तथा स्वास्थ्य सेवा सुदृढगर्न यथासक्य कोसिस गर्नु पर्ने छ।

(ञ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपना र प्रयोगमा सहभागी हुनु पर्ने छ।

(ट) समुदाय तथा व्यक्तिको मान्यता र संस्कृतिलाई कदर गरी पक्षपात रहित सेवा दिनु पर्ने छ।

(ठ) स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागी हुनु पर्ने छ।

(ड) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने निति, नियम तथा संघ, प्रदेश र नगरपालिका अन्तर्गत संचालित कार्यक्रमहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्नु पर्ने छ।

(ढ) जातजाती, लिङ्ग, धर्म, भाषा, रङ्ग,उमेर, शारिरि अवस्था, राजनैतिक विचारधारा तथा अन्य कुराहरुले म.स्वा.स्व.से.को कार्य तथा भूमिकामा बाधा नपुग्ने गरी कार्य गर्नु पर्ने छ।

(ण) स्वास्थ्य सेवामा आधारित कार्यक्रमहरु हुदां आफ्नो राजनैतिक विश्वास वारे प्रचारप्रसार गर्न पाईने छैन।

## अनुसुची २-

## दफा ९ को उपदफा (ख), (ग), (घ) संग सम्बन्धित

| क्र.स. | क्रियाकलाप | पटक | दर रू | कैफियत |
|---|---|---|---|---|
| १. | सम्मानजनक बिदाई (६० बर्ष उमेर परा भै राजिनामा स्वीकृत भएको हकमा मात्र) | १ | ५०,०००/ | |
| २. | मासिक आमा समूह बैठक संचालन, मासिक प्रतिवेदन तथा बैठक, खोप तथा गांउ घर केन्द्रमा सहयोग लगायत मासिक यातायात खर्च | मासिक १ पटक | ४००/ | |
| ३. | सञ्चार खर्च | मासिक १ पटक | ५००/ | |
| ४. | स्वास्थ्य बिमा खर्च | बार्षिक १ पटक | नेपाल सरकारले तोकेको खर्चमा ५ जना परिवारसम्मका लागि आधा रकम | |
| ५. | सेवा अबधिमा मृत्यु भएमा | मृत्यु पश्चात नियमानुशार हक वालालाई | २०,०००/ | |

.............................

आज्ञाले,

शिवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

पोखरा महानगरपालिका